# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर अधिकारीद्वारा बीआईएसको ९२ औं वार्षिक बैठकमा सहभागिता

गभर्नर महा प्रसाद अधिकारी २०७९ असार ११ र १२ गते स्विट्जरल्याण्डको बासेलमा आयोजित The Bank for International Settlements (BIS) को ९२ औं वार्षिक बैठकमा सहभागी भई असार १४ गते स्वदेश फिर्ता हुनुभयो । सो बैठकमा बीआईएसका सदस्यलगायत विश्वका केन्द्रीय बैंक तथा मौद्रिक अधिकारीहरूको सहभागिता थियो ।




बैठकको सिलसिलामा गभर्नर अधिकारीले बीआईएस इनोभेसन हबका प्रमुख रस लेको र बीआईएस इनोभेसन हब स्विट्जरल्याण्ड केन्द्रका प्रमुख मोर्टेन बेकसँग केन्द्रीय बैंक विद्युतीय मुद्रासम्बन्धी विश्व अनुभवका बारेमा छलफल गर्नुभएको थियो । उहाँले बीआईएस इनोभेसन हबको Open House को अवलोकन गर्नुका साथै Project Rio, Project Juro, Singapore Project लगायतको अवलोकनसमेत गर्नुभएको थियो ।

सो बैठकमा बीआईएसका महाप्रबन्धक अगस्टिन कार्स्टेन्सले बीआईएसको वार्षिक आर्थिक प्रतिवेदन सार्वजनिक गर्दै पछिल्लो समयमा विश्वव्यापी रूपमा बढेको मुद्रास्फीतिका कारण संसारभरका केन्द्रीय बैंकलाई दबाब परिरहेको चर्चा गर्नुभएको थियो । उहाँले विगतका आर्थिक एवम् वित्तीय सङ्कटको अनुभवबाट पाठ सिक्दै बढ्दो मुद्रास्फीतिलाई समयमै नियन्त्रण गर्नेगरी नीतिगत व्यवस्था अवलम्बन गर्न केन्द्रीय बैंकहरूलाई सुझावसमेत दिनु भएको थियो ।

वार्षिक बैठकका क्रममा गभर्नर अधिकारीले भारतीय रिजर्ब बैंकलगायत दक्षिण पुर्व एशिया क्षेत्रका केन्द्रीय बैंकका गभर्नरहरूसँग छलफलसमेत गर्नुभएको थियो ।

बीआईएस एक अन्तर्राष्ट्रिय वित्तीय संस्था हो, जसले विश्वभरका केन्द्रीय बैंकबीचको समन्वय र नीतिगत प्रयासबाट मौद्रिक तथा वित्तीय स्थायित्व प्रवर्द्धनको निम्ति आवश्यक भूमिका निर्वाह गर्दछ । सन् १९३० मा स्थापित यस संस्थामा हाल ६३ वटा केन्द्रीय बैंकहरू सदस्य छन् । यसको मुख्यालय स्विट्जरल्याण्डको बासेलमा रहेको छ ।

२०७९ असार १५ गते

गभर्नरको कार्यालय